Damak Campus Journal 2024, **13 (1): 187-196**
ISSN : 2565-4772 (Print)
DOI: https://doi.org/10.3126/dcj.v13i1.74604

# महाकाव्यका मानक तत्वका आधारमा मृत्युञ्जय महाकाव्यको विश्लेषण तथा मूल्याङ्कन

**तिलकप्रसाद लम्साल**
नेपाल खुला विश्वविद्यालय, ललितपुर
*https://orcid.org/0009-0006-9682-2552*
*Email: tilaklamsal522@gmail.com*

**मूलसार**

प्रस्तुत लेख भानुभक्त पोखरेलको मृत्युञ्जय महाकाव्यको विश्लेषण तथा मूल्याङ्कनसँग सम्बन्धित छ । यस लेखमा *मृत्युञ्जय* महाकाव्यमा स्थापित महाकाव्यका मानक तत्त्वहरूलाई अध्ययनको समस्या मानिएको छ । उक्त समस्यामा आधारित भएर प्रस्तुत काव्यमा महाकाव्यगत लक्षणहरू केकति निर्वाह भएका छन् भन्ने शोध प्रश्न निर्धारण गरिएको छ । यससम्बन्धमा पूर्वकार्यहरूको अभाव भएको हुँदा यो अध्ययन गर्नु परेको हो । अतः प्रस्तुत महाकाव्यमा सन्निहित महाकाव्यगत मानक तत्त्वहरूको विश्लेषण तथा मूल्याङ्कन गर्नु यस लेखको उद्देश्य रहेको छ । प्रस्तुत अध्ययन मूलतः पूर्वीय आचार्य विश्वनाथको महाकाव्यसम्बन्धी सैद्धान्तिक मान्यतामा रहेर गुणात्मक पद्धतिमा आधारित छ । यसका लागि विवेच्य कृति *मृत्युञ्जय* महाकाव्यबाट तथ्य सङ्कलन गरिएको छ प्राप्त तथ्यहरूलाई आगमनात्मक विधिबाट वर्णन तथा विश्लेषण गरिएको छ । प्राप्त तथ्यहरू विश्लेषण गर्दा प्रस्तुत काव्यमा महाकाव्यका स्थापित मानक तत्त्वहरूले कम मात्रामा स्थान पाएको मुख्य नतिजा निस्किएको छ । यसै मुख्य नतिजाका आधारमा छलफल गर्दा कविले धेरै जसो आफ्नै प्रकारका महाकाव्यीय मान्यताहरू स्थापित गर्न खोजेको देखिन्छ भन्ने निष्कर्ष प्रस्तुत लेखको रहेको छ ।

**मुख्य पदावली** : अभिव्यञ्जना, जीवनबोध, मृत्युबोध, रतिशक्तिपाश, सौन्दर्यबोध ।

## परिचय

प्रस्तुत लेखमा यस शीर्षमा अध्ययनको अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधप्रश्न, शोधको उद्देश्य र औचित्य, अनुसन्धान अन्तराल, पूर्वकार्यको समीक्षाको चर्चा गरिएको छ ।

### अध्ययनको पृष्ठभूमि

कविताविधाको सर्वोच्च रूपलाई महाकाव्य भनिन्छ । काव्यको वर्गीकरण गर्दा महाकाव्यलाई प्रबन्धकाव्यअन्तर्गत राखेको पाइन्छ (पौड्याल, २०७६, पृ.३११)। प्रबन्धकाव्य भन्नाले कुनै आख्यानमा आधारित कविता भन्ने बुझिन्छ । महाकाव्यलाई संसारकै सर्वप्राचीन साहित्यिक विधाका रूपमा लिइन्छ । काव्यशास्त्रअनुसार कथासूत्रमा आबद्ध, प्रख्यात विषयमा आधारित र सर्गबद्ध तथा रसपूर्ण ठुलो गहन काव्यलाई महाकाव्य भनिएको छ (नेपाल प्रज्ञा प्रतिष्ठान, २०७९)। महाकाव्यमा

जीवनको विस्तृत रूपलाई प्रस्तुत गरिन्छ। यसमा घटनाबहुल, चरित्रबहुल हुन्छन्। आठभन्दा बढी सर्ग र अनेकौं छन्द र रसहरू हुन्छन् (उपाध्याय, २०४९, पृ.२२०-२२१)। यसमा नायक देवता अथवा कुनै धीर उदात्त गुण भएको, क्षत्रीय, राजाहरू, इतिहासप्रसिद्ध सच्चरित्र हुनुपर्छ। शृङ्गार, वीर र शान्तमध्ये एउटा अङ्गि रस हुनुपर्छ। नाटकोक्त पाँचसन्धि, धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थ, आदिमा मङ्गलाचरण, सर्गको अन्त्यमा छन्द परिवर्तन र पछिल्लो सर्गको कथाको सूचना हुनुका साथै कविको, नायकको, प्रतिनायकको वा कथानकको नामबाट ग्रन्थको नाम रहेको हुनुपर्छ भनेर पूर्वीय आचार्यहरू दण्डी, विश्वनाथ आदिले महाकाव्यका लक्षणहरू बताएका छन् (भट्टराई, २०७७, पृ.२६१)। संस्कृत साहित्यमा महाकाव्यको मानकताका लागि आधार ग्रन्थको रूपमा आचार्य विश्वनाथको सैद्धान्तिक मान्यतालाई सर्वोपरि स्थान दिएको पाइन्छ (थापा, २०५०, पृ.५१)। यिनै मानक तत्त्वका आधारमा नेपाली साहित्यमा केही महाकाव्य प्रकाशित भएका पाइन्छन्। नेपाली साहित्यमा आदिकवि भानुभक्त आचार्यबाट महाकाव्य लेखन थालनी भए पनि मौलिक नेपाली महाकाव्य लेखनको युगनिर्माता लक्ष्मीप्रसाद देवकोटा देखिन्छन्। उनको *शाकुन्तल* (२००२) महाकाव्य प्रकाशित भए पछि अन्य महाकाव्य र महाकाव्यकारहरू देखापर्दै गए पनि नेपाली भाषामा धेरै महाकाव्य लेखिएका छैनन्। लक्ष्मीप्रसाद देवकोटाको *शाकुन्तल* (२००२), सोमनाथ सिग्देलको *आदर्श राघव* (२००५), लेखनाथ पौडेलको *तरुणतपसी* (२०१०), बालकृष्ण समको *चिसो चुल्हो* (२०१५), भानुभक्त पोखरेलको मृत्युञ्जय (२०४७) चर्चित महाकाव्यका रूपमा देखिन्छन्।

वि.सं.१९९३ मा पाँचथरको सेलेजुङ, ओयाममा जन्मिएर ३८ वर्षसम्म त्रि.वि.सेवामा प्राध्यापन गरेर अवकाश पाएका कवि पोखरेलको २०७० मा देहावसान भएको थियो। उनले फुटकर कवितादेखि खण्डकाव्य हुँदै महाकाव्यसम्मको रचना गरेको पाइन्छ। २०४८ सालमा मदन पुरस्कार प्राप्त गरेको *मृत्युञ्जय* महाकाव्य कवि भानुभक्त पोखरेलको कवितायात्राको सर्वोच्च प्राप्तिका रूपमा रहेको देखिन्छ। अतः यस लेखमा उनको *मृत्युञ्जय* महाकाव्यलाई महाकाव्यका स्थापित मानक तत्त्वहरूका आधारमा विश्लेषण तथा मूल्याङ्कन गर्ने प्रयास गरिएको छ। कवि पोखरेलको प्रस्तुत महाकाव्यका सम्बन्धमा भट्टराई (२०६०), श्रेष्ठ (२०६०) आदिले भानुभक्त पोखरेलको व्यक्तित्व र कृतित्वका बारेमा केही पूर्वकार्य गरेको पाइए पनि महाकाव्यका मानक तत्त्वलाई नै आधार बनाएर खासै अध्ययन गरेको पाइँदैन। त्यसैले प्रस्तुत महाकाव्यमा सन्निहित महाकाव्यगत मानक तत्त्वहरूको विश्लेषण तथा मूल्याङ्कन गर्नु यस लेखको उद्देश्य रहेको छ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानका लागि भानुभक्त पोखरेलको *मृत्युञ्जय*लाई नै प्राथमिक सामग्री मानेर उक्त कृतिबाट तथ्य सङ्कलन गरिएको छ। त्यस्तै शीर्षकसम्बद्ध प्रकाशित पुस्तकहरू, शोधपत्रहरूलाई द्वितीयक सामग्रीको रूपमा ग्रहण गरिएको छ। यो अध्ययन मूल रूपमा क्रेसवेल (सन् २००९) का धारणाअनुसार गुणात्मक ढाँचामा आधारित छ। शोध अन्तरालको स्रोत पहिचान गर्न *साहित्यको*

*अनुसन्धान व्यवस्थापन* (श्रेष्ठ, २०७७, पृ.९-२३) पुस्तकको उपयोग गरिएको छ । त्यसै गरी यस लेखका लागि मूलतः आचार्य विश्वनाथको साहित्यदर्पण (सन् २०१४) मा उल्लिखित महाकाव्यसम्बन्धी मान्यताहरूलाई सैद्धान्तिक आधारका रूपमा लिइएको छ । यसका साथै डेन्जिन एन्ड लिङ्कन (सन् २०११) ले भनेजस्तै उक्त महाकाव्यमा उल्लिखित तथ्यहरूबाट अर्थहरू पहिल्याउन व्याख्यात्मक आयाम (इन्टरप्रेटिभिज्म) लाई लेखको प्रतिमान (प्याराडाइम) मानिएको छ । त्यसै गरी यस लेखमा आगमनात्मक विधि (शर्मा र लुइटेल, २०५२, पृ.१३) का माध्यमबाट तथ्यलाई वर्णन तथा विश्लेषण गरिएको छ ।

## परिणाम र छलफल

यस लेखमा विवेच्य कृति *मृत्युञ्जय* महाकाव्यबाट प्राप्त तथ्यलाई पूर्वीय महाकाव्यका स्थापित मानक तत्त्वहरूलाई थिम (विषयवस्तु) का रूपमा उपशीर्षक बनाएर छलफल गरिएको छ । त्यस्ता मानक तत्त्वहरू नामकरण (शीर्षकीकरण), प्रबन्धात्मक सर्गविधान (संरचना), कथावस्तु, पात्रविधान, देशकाल परिस्थिति (वातावरण), उद्देश्य, रस/भावविधान, लय तथा छन्दविधान, उक्तिविधान, विम्बालङ्कार तथा प्रतीकविधान र भाषाशैलीका दृष्टिले निम्नानुसार विश्लेषण तथा मूल्याङ्कन गरिएको छ :

**नामकरण (शीर्षकीकरण)**

पूर्वीय महाकाव्य मान्यताअनुसार महाकाव्यको शीर्षक उत्पाद्य विषय, कवि कल्पनाप्रसूत वा पुराण, इतिहास प्रसिद्ध विषयवस्तु र नायक तथा नायिकाको नामका आधारमा राखिएको हुनुपर्छ ( विश्वनाथ, सन् २०१४) । प्रस्तुत महाकाव्यको शीर्षक मृत्युञ्जय राखिएको छ । यस महाकाव्यको शीर्षक एकातिर विषयवस्तुका आधारमा चयन गरिएको देखिन्छ भने अर्कातिर काव्यकी नायिका मृत्युञ्जया (सावित्री) को नामका आधारमा छानेको देखिन्छ । मृत्युञ्जयाले यमराजलाई रतिशक्ति पास प्रहार गरी सत्यवान्लाई मृत्युको मुखबाट बचाएर ल्याएकोले मृत्युमाथि विजय गरेको देखिएबाट एवम् महाकाव्यको व्यापकता र विराटताको सेरोफेरो सबै काव्यनायिका मृत्युञ्जयाको चारित्रिक गतिविधि वरिपरि घुमेका कारण महाकाव्यको नामकरण वा शीर्षकीकरण उपयुक्त नै लाग्छ ।

**प्रबन्धात्मक सर्गविधान (संरचना)**

पूर्वीय काव्यशास्त्रीय महाकाव्य मान्यताअनुसार महाकाव्य हुनका लागि सर्गवद्ध हुनुपर्ने, नायक वा मुख्यपात्रको उपस्थितिमा कथानक आबद्ध हुनुपर्ने, आठ भन्दा बढी सर्गहरू हुनुपर्ने, प्रकृति, ऋतु, दृश्य, यात्रा युद्ध, विजय, रात्रि, प्रभात, चन्द्र, ग्राम, वन, नदी, जीवनचर्या, सभ्यता आदिको यथोचित स्थानमा प्रयोग र वर्णन हुनुपर्ने (विश्वनाथ, सन् २०१४) आदि कुरा यस काव्यमा यथास्थानमा प्रयुक्त छन् । प्रस्तुत महाकाव्य एक समापनसहित उन्नाइस वटा सर्गमा लेखिएको छ । सर्गभरि एउटै छन्दको प्रवाह र कतै विविध छन्दको प्रयोग हुनु पर्ने, सर्गका अन्त्यमा छन्दको अन्तर र भावी सर्गका कथाको सङ्केत हुनुपर्ने मान्यताअनुरूप यस काव्यमा पनि परिपालना भएको छ र काव्यान्तमा भावी काव्यको कथानक समेत सङ्केत भएको छ (सुवेदी, २०४८, पृ.८) । प्रस्तुत महाकाव्यको सर्गसंरचनालाई भने त्यति

विस्तृत र कसिलो मान्न सकिँदैन किनभने सर्ग दसको शुकदेव स्वामी र राजा अश्वपतिबिचको ब्रह्मज्ञानसम्बन्धी संवादले महाकाव्यको प्रबन्धलाई केही खुकुलो बनाएको प्रतीत हुन्छ । सर्ग एघारमा वर्षा ऋतु, बाह्रमा शरद् ऋतु, चौधमा वसन्त ऋतुको नवीन ढङ्गले वर्णन गरे पनि छ वटै ऋतुको वर्णनतिर कवि लागेका छैनन् तर पनि महाकाव्यात्मक व्यापकता र महाकाव्यको निम्ति आवश्यक मानिएको ऋतुवर्णनसम्बन्धी दायित्व पूर्ण गरिएको उपयुक्त नै मान्नुपर्छ । यस महाकाव्यको आख्यान सूत्र ज्यादै सूक्ष्म भए तापनि सर्गगत प्रबन्धनात्मक सूत्रबद्ध नै देखिन्छ । सर्ग आठमा नायिकाको जन्म गराइएको देखाएर महाकाव्यको लगभग आधाभाग सर्ग सातसम्म भूमिका मात्र पाइने हुनाले प्रबन्धविधानका दृष्टिले यस महाकाव्यको बाह्य संरचना केही शिथिल देखिन्छ । सर्ग बाह्रमा आख्यान तत्त्व अत्यन्तै झिनो देखिन्छ । कुनै सर्गमा कवि सरल, मिठा र सुन्दर देखिन्छन् भने कुनै कुनै सर्गमा अत्यन्तै जटिल पनि देखिन्छन् । तत्सम् शब्दको भरमार प्रयोगले कतै कतै काव्य नै मोडिन खोजेजस्तो लागे पनि फेरि समातिन्छ र सन्तुष्टि लिन सकिन्छ (भट्टराई, २०६०, पृ.४६)। सङ्क्षेपमा भन्दा कवितात्मक संरचना र प्रबन्धविधानका दृष्टिले प्रस्तुत महाकाव्यमा केही शिथिलतला रहेको देखिन्छ ।

**कथावस्तु**

वेदव्यासरचित महाभारतको वन पर्वअन्तर्गतको २९३ देखि २९९ अध्यायसम्मको सावित्री र सत्यवान्सम्बन्धी आख्यान नै मूलतः यस महाकाव्यको कथावस्तु हो । धन र दौलतले भरिपूर्ण सुन्दर सुव्यवस्थित र चित्ताकर्षक मद्रदेशका निसन्तान राजा अश्वपतिले रानी मालवीसाथ वशिष्ठाश्रम गई ऋषिको सल्लाह लिएर सुश्रुत वैद्यको औषधि सेवन र संयमको पालना गरी पुत्री मृत्युञ्जया (सत्यव्रता) प्राप्त गरेको, सत्यव्रतालाई विद्या अध्ययनका लागि आश्रममा पठाइएको, अध्ययनबाट फर्केकी छोरी सावित्रीलाई विवाहोपरान्त पैतृक राज्य समाल्न राजाले आग्रह गरेको तर सावित्रीले देशाटनमा गई आफ्नो अध्ययन खार्ने विचार व्यक्त गरेको र राजा अश्वपतिले महर्षि उद्दालकको सल्लाहअनुसार पुत्री सावित्रीलाई देशाटन जाने स्वीकृति दिएको, देशाटनबाट फर्किएकी सावित्रीले शाल्व नरेश द्युमत्सेनका छोरा सत्यवान्सँग प्रेम भएको कुरा राजाले रानी मालवीबाट थाहा पाएको, विवाहोपरान्त एक वर्ष मात्र सत्यवान्को आयु भएको भ्रमपूर्ण कुरा सुनाउँदा पनि सावित्रीले नमानेको, सत्यवान्ले विवाह गरी सावित्रीलाई आफ्नो आश्रम लगेको, विवाह भएको ठीक एक वर्ष पुग्ने दिन सत्यवान्लाई लिएर सावित्री जङ्गलतिर गएकी, रुखमाथि फल टिप्दै गर्दा हाँगो लाछिएर सत्यवान् पछारिएका, उनलाई सर्पले टोकेको, सावित्रीले जानेसम्मका औषधि ल्याएर दिँदा पनि सत्यवान् ठिक नभएपछि सावित्री पनि मूर्च्छित भएकी, अचेतावस्थामा रहेकी सावित्रीले फलामको मूर्तिजस्तो पुरुषले सत्यवान्लाई राँगाको सिङमा बाँधेर लाँदै गरेको देखेको, सावित्रीले यमराजलाई पछ्याउँदै गई यमराजउपर रतिशक्तिपाशको जालो फ्याँकेको र विजय प्राप्त गरेपछि सावित्री र सत्यवान् दुवै जना ब्यूझिएको अनि स्वस्थ भैसकेपछि दुवै जना आश्रमतर्फ फर्किएको कथावस्तु प्रस्तुत महाकाव्यमा

रहेको देखिन्छ। प्रस्तुत महाकाव्यमा महाभारतको वनपर्वको आख्यानलाई जस्ताको त्यस्तै प्रयोग नगरी विश्वासनीयता दिनका लागि कविले केही परिवर्तन र परिमार्जनसमेत गरी मौलिकता दिने प्रयास गरेको देखिन्छ।

**पात्रविधान**

प्रस्तुत महाकाव्यमा धेरै पात्रहरूको प्रयोग गरिएको पाइँदैन तर महाकाव्यमा चरित्रबहुल हुन्छन् भनिन्छ (उपाध्याय, २०४९)। यस महाकाव्यमा चारित्रिक भूमिकाको आधारमा हेर्दा सावित्री (मृत्युञ्जया) र सत्यवान् मुख्य पात्रका रूपमा देखिन्छन् भने अश्वपति, मालवी, द्युमत्सेन, शैव्या, वशिष्ठ ऋषि, अङ्गिरा ऋषि आदि सहायक पात्र देखिन्छन् । उद्दालक, अरुन्धती, अमात्य, वैद्यराज, साध्वी, किराँतकन्या, हंसपदी आदिलाई गौण पात्रका रूपमा पहिचान गर्न सकिन्छ। काव्यशास्त्रीय परम्पराका आधारमा काव्यमा शूर, वीर नायक हुनुपर्ने (विश्वनाथ, सन् २०१४) मा यस महाकाव्यमा कविले नायिकालाई मुख्य चरित्र बनाएर नयाँ काव्य मूल्य स्थापना गर्न खोजेका छन् । मद्रदेशका राजा अश्वपति र रानी मालवीकी पुत्री प्रस्तुत महाकाव्यकी नायिका सावित्रा आदर्श हिन्दु पतिव्रता नारी र सत्य, अमर, आत्मिक एवम् जीवन्त प्रेमकी प्रतिमूर्तिका रूपमा छन्। पूर्वीय महाकाव्य मान्यताअनुसार विश्लेषण गर्दा सावित्री स्वकिया मुग्धा नारी हो । आश्रमको शिक्षादीक्षाले आफ्ना अनुभूतिहरूलाई खार्ने, सामाजिक सेवाको उद्देश्यले देशाटन गर्नु, राज्य त्यागी जङ्गल पस्न बाध्य भएका शाल्व नरेश द्युमत्सेन र त्यहाँका जनताहरूले पाएको कष्ट एवम् भोग्नु परेका विकराल समस्याप्रति उनको सहानुभूति, दीनहीन सत्यवान्प्रतिको अटल आस्था र मृत्युमाथि विजय प्राप्त गर्ने उनको अलौकिक पराशक्ति सम्पन्न आदि गुणहरूले सावित्रीको चरित्रलाई माथि उठाएका छन् । कविको विचार दर्शनको प्रतिनिधि पनि उनै काव्य नायिका सावित्रीले गरेकी छन् (श्रेष्ठ,२०६०, पृ.६७)। अतः प्रस्तुत कृति नायिकाप्रधान महाकाव्यका रूपमा रहेको छ।

प्रस्तुत महाकाव्यका नायक सत्यवान् हुन्। स्मितश्रीपुरी नगरीका राजा द्युमत्सेन र रानी शैव्याका पुत्र सत्यवान् धीर नायकका रूपमा चित्रित छन् । षट्शास्त्रधारी दीक्षान्त पाएका सत्यवान् सुरुमा नारीबन्धनका विरोधी भए पनि पछि नारीरूपी कामिनीले स्पर्श गरेपछि एउटा आदर्श प्रेमीको प्रतीकको रूपमा देखापरेका छन्। पूर्वीय महाकाव्य मान्यता (विश्वनाथ, सन् २०१४) को नायकले वहन गर्नुपर्ने र वहन गर्न सक्ने भव्य चरित्र सत्यवान्को देखिएको छैन् । नायिकाका चरित्र वा क्रियाकलापका अगाडि नायक सत्यवान्को चरित्र गौण देखिन्छ। सहायक पात्रहरूमा आएका अश्वपति र मालवीको चरित्रले समसामयिक युगीन अभिव्यञ्जना व्यक्त गरेको छ भने सत्यवान्का शिक्षक अङ्गिरा, अश्वपतिका गुरु वशिष्ठ एवम् शुकदेव आदिका चरित्रमा कविका भाव चेतनाको अभिव्यक्ति पाइन्छ।

**देशकाल परिस्थिति** (**वातावरण**)

कालिक तथा स्थानिक वातावरणमा विशेष ध्यान दिइएको यस महाकाव्यमा पौराणिक राज्यव्यवस्था र गुरुकुल एवम् आश्रमी शिक्षाको जीवन्त झलक देखाइएको छ। तापसी युगको कृषिकर्मको वर्णन गरेर

वर्तमान नेपालको कृषि वातावरण बिम्वित गराइएको छ । आजको वैज्ञानिक युगका रचनात्मक र मानवकल्याणकारी विकसित वातावरणको चित्रण गरिएको यस महाकाव्यमा वर्तमान कालको मृत्युबोधी धारणाप्रति कटुप्रहार गर्दै जीवनबोधी गीत गाइएको छ । नागर ग्रामीण जनजीवन, यात्रा, नदी आदिको भव्य परिवेश चित्रणले महाकाव्यका मानक तत्त्वको आत्मसात भएको र यसप्रकारको वातावरण चित्रणले प्रस्तुत महाकाव्यको सौन्दर्यबोध, कल्पनाको विराटता र सशक्तता प्रकटिएको पाइन्छ ।

**उद्देश्य**

पूर्वीय महाकाव्य मान्यतामा धर्म, अर्थ, काम र मोक्ष प्रातिका लागि महाकाव्य लेखिनु पर्दछ भन्ने उल्लेख पाइन्छ (विश्वनाथ, सन् २०१४) । पूर्वीय दर्शनमा धर्म, अर्थ, काम र मोक्षलाई जुनसुकै अर्थमा प्रयोग गरिए पनि वर्तमान समयमा धर्मको अर्थ कर्तव्यनिर्वाह, अर्थको तात्पर्य अस्तित्व प्रतिष्ठापन, कामको अर्थ प्रेमसिद्धि र मोक्षको अर्थ दासत्व मुक्ति वा वर्गीय मुक्तिलाई मान्नुपर्ने देखिन्छ । यस मान्यताअनुसार यस काव्यको अङ्गी उद्देश्य काम र मोक्षलाई मान्न सकिन्छ भने धर्म र अर्थलाई अङ्गी उद्देश्य प्राप्तिका रूपमा रहेको मान्न सकिन्छ । त्यस्तै यस महाकाव्यमा राजा अश्वपतिको धार्मिक आस्था, अर्का राजा द्युमत्सेनको तपोनिष्ठा र सावित्रीको सतित्व सिद्धिबाट धर्म वा कर्तव्यनिवार्हको उद्देश्य राखेको देखिन्छ । त्यस्तै गरी नायिका सावित्रीले मृत्युलाई पराजित गरी पति प्राप्त वा जीवन विजय प्राप्त गर्न सफल भएकीले कामप्राप्ति वा प्रेमसिद्धि यस महाकाव्यको मुख्य उद्देश्य देखिन्छ । त्यसरी नै युगका क्षणिकता, जटिलता, सन्त्रास तथा विभीषिकाबाट जीवनलाई मुक्त गराउन सात्त्विक र शास्वत ज्ञान प्राप्तिको आवश्यकता भएको देखाएर मोक्ष (मुक्ति) प्राप्ति पनि यस महाकाव्यको अर्को महत्त्वपूर्ण उद्देश्य रहेको देखिन्छ ।

**रस ⁄ भावविधान**

रस वा भावविधानअन्तर्गत रस र महाकाव्यको केन्दीय कथ्यको चर्चा गर्न सकिन्छ । काव्य साहित्यको मूल प्राप्ति नै रस हो । श्रोता वा पाठकका मनमा रसानुभूति वा आनन्द उत्पन्न गराउने तत्त्वलाई नै काव्यमा रस भनिन्छ । पूर्वीय महाकाव्यपरम्परामा शान्त, वीर र श्रृङ्गार रसमध्ये कुनै एकलाई अङ्गी रस र अरू रसहरूलाई अङ्ग रसका रूपमा राखिनु पर्दछ भन्ने सैद्धान्तिक मान्यता पाइन्छ (विश्वनाथ, सन् २०१४) । *मृत्युञ्जय* महाकाव्यमा श्रृङ्गार रस अङ्गी रसका रूपमा र अन्य रसहरू विभिन्न सन्दर्भमा अङ्ग रसका रूपमा आएका छन् । महाकाव्यमा विषयवस्तुको थालनीदेखि अन्त्यसम्म रति (प्रेम) स्थायी भाव हुने श्रृङ्गार रस स्थिर किसिमले रहिरहेको देखिन्छ । विभाव, अनुभाव र व्यभिचारी (सञ्चारी) भावको सहकारी संयोगबाट रसको निष्पत्ति हुन्छ (उपाध्याय, २०४५, पृ.५५) । रस निष्पत्तिका लागि आवश्यकपर्ने तत्त्वहरू विभाव, अनुभाव र व्यभिचारी भावहरूले शृङ्गार रसलाई परिपाकपूर्ण अवस्थामा पुऱ्याएको देखिन्छ । यस महाकाव्यमा नायक सत्यवान र नायिका सावित्री आलम्बन विभावका रूपमा छन् भने एकान्त जङ्गल, जङ्गलमा नायक नायिका हात समातेर हिड्नु, ठट्टा गर्नु आदि उद्दीपन विभावका रूपमा छन् । नायिका मृत्युञ्जयाको

अङ्गसञ्चालन र व्यङ्ग्योक्ति अनुभावका रूपमा आएका छन् भने सत्यवान रुखबाट खसेर बेहोस हुनु, रुँदारुँदै सावित्री मूर्च्छा पर्नु, जिब्रो सुन्निएर बोली लर्बराउनु, यमराजले सत्यवानलाई लिएर जानु, सावित्रीले त्यसको कडा प्रतिवाद गर्दै पछ्याएर वीरता प्रदर्शन गर्नु, सावित्रीले मानसलोकबाट रति शक्तिपास प्रहार गर्नु, जीवन प्रेमपासले सत्यवानलाई बाँधी तान्नु, सावित्री सपनाबाट झल्याँस्स ब्युँझनु र सत्यवान पनि वेहोस अवस्थाबाट जाग्नु जस्ता कुराहरूले व्यभिचारी भाव उत्पन्न गराएका छन् । सावित्री मूर्च्छित अवस्थाबाट ब्युँझदा स्वप्न सम्झेर शरीर थर्थरी काम्नु, विहानीपखको शीतल हावा चल्नु, सत्यवान अङ्ग चल्मलाउँदै उठ्नु, सावित्रीका हातमा समात्नु, उनीहरू घर फर्कनु र सिर्जनाको प्यार घन्काउँदै जिन्दगी बिताउनुबाट संयोग शृङ्गार उद्दीप्त भई शृङ्गार रस परिपाक अवस्थामा पुगेकाले यस महाकाव्यमा शृङ्गार रस नै अङ्गी रसका रूपमा आएको देखिन्छ । त्यसरी नै यस महाकाव्यमा तपोवन तपसाधना तथा आध्यात्मिक ज्ञानका विषयका भव्य वर्णनका प्रसङ्गमा शान्तरस, राज्य व्यवस्था, सामाजिक चेतना, युद्ध र मृत्युञ्जयाले मृत्युमाथि गरेको विजयको प्रसङ्गमा वीर रस, राज्यमाथिको आक्रमण प्रत्याक्रमणका प्रसङ्गमा भयानक रस, दुस्मनको हिंसापूर्ण आक्रमण आदि प्रसङ्गमा भयानक रस, युद्धमा पराजय, सत्यवानको मृत्यु आदि प्रसङ्गमा करुण रस, स्वप्निल अवस्थामा सावित्री र यमराजका बिचमा भएको सङ्घर्षका प्रसङ्गमा अद्भूत, भयानक र वीर रस, राजा अश्वपतिको गर्जन आदि अवस्थामा रौद्र रस अङ्ग रसका रूपमा आएका देखिन्छन् । सृष्टिको गीत गाउँदै वर्तमानको मृत्युबोधी मानिसलाई जीवनबोधी पाठ सिकाउँदै भोगातुरता अँगालेर आफ्नो सुनौलो जीवनलाई रछ्यानमा फाल्ने मानिसभन्दा उच्च सामाजिक लक्ष्य लिएर अघि बढ्ने मानिस मत्युञ्जयी हुनसक्छ भन्नु प्रस्तुत महाकाव्यको केन्द्रीय कथ्य हो । यसै कथ्यलाई पुष्टि गर्न प्रस्तुत महाकाव्यमा रस वा भावविधान गरिएको पाइन्छ ।

**लय तथा छन्दविधान**

वर्तमान सन्दर्भमा लय वा छन्दोबद्धतालाई महाकाव्यमा ऐच्छिक तत्त्व मानिए पनि पूर्वीय महाकाव्यपरम्परामा अनिवार्य तत्त्वकै रूपमा लिइन्छ । महाकाव्यमा रहने विभिन्न सर्गहरूमा विविध छन्दहरूको प्रयोग र सर्गान्तमा छन्द बदल्नु पर्ने मान्यता पूर्वीय महाकाव्यमा देखिन्छ (विश्वनाथ, सन् २०१४) । कवि पोखरेल छन्दवादी कवि हुन्, त्यसैले उनको *मृत्युञ्जय* महाकाव्य छन्दोबद्ध महाकाव्य हो । उनले यस काव्यमा विभिन्न वर्णमात्रिक छन्द र लोक लयको समेत प्रयोग गरेका छन् । प्रस्तुत महाकाव्यका जम्मा १२४२ श्लोकहरूमध्ये उपजाति छन्दका ८२१, शार्दूलविक्रीडित छन्दका १०९, इन्द्रवज्रा छन्दका १००, अनुष्टुप छन्दका ७३, उपेन्द्रवज्रा छन्दका ३४, स्वागता छन्दका ५९, इन्द्रवंशा छन्दका २०, वंशस्थ छन्दका १६, वियोगिनी छन्दका २, पृथ्वि छन्दका २, मालिनी र नर्कुटक छन्दका १ तथा झ्याउरे छन्दका ३ श्लोक रहेका छन् । समग्र महाकाव्यभरि सर्गान्तमा छन्द परिवर्तन गर्नुपर्छ भन्ने शास्त्रीय मान्यता (विश्वनाथ, सन् २०१४) लाई तोड्दै कवि सर्ग ४, ७ र १२ मा सर्गान्तमा छन्द परिवर्तन नगरी कवि छन्दबन्धनबाट फुत्किन खोजेका छन् तर पूरै महाकाव्यमा जम्मा ३२९ पटक छन्द

परिवर्तन भने गरिएको पाइन्छ। छन्दवादी कविको छन्दोबद्ध महाकाव्य भएर पनि लोकगलाले रुचाएका शिखरिणी, तोटक, भुजङ्गप्रयात, वसन्ततिलका आदि छन्दहरूको प्रयोग नै नगर्नु वा महत्त्व नै नदिनुले छन्दप्रेमीहरूले कविसँग केही गुनासो गर्न सक्ने ठाउँ भेटिन्छ।

**उक्तिविधान**

मृत्युञ्जय महाकाव्यमा पौराणिक कथालाई युगसापेक्ष बनाउन लाक्षणिक तथा व्यञ्जनात्मक उक्तिविधान गरिएको छ। प्रमुख, गौण र सहायक पात्रहरूमध्ये कति त कविको विचार दर्शन व्यक्त गर्ने मुखपात्र समेत बनेका छन्। त्यो, तिमी, ऊ तथा सावित्री, सत्यवान मालवी, शैव्या, अश्वपति, द्युमत्सेन आदि पात्रका कोणबाट भनाइहरू आएका हुनाले यस महाकाव्यमा कविनिबद्धप्रौढोक्ति उक्तिविधान पाइन्छ । साथै पात्रहरूले कविको दर्शन तथा जीवनको जीत र सृष्टिको गीत घन्काउने क्रममा कथनशैली, संवादात्मक शैली एवम् वर्णनात्मकता र विवरणात्मकताको समेत प्रयोग गरेका छन् । तसर्थ यस महाकाव्यमा तृतीय पुरुष प्रधान उक्तिविधान पाइन्छ।

**विम्बालङ्कार तथा प्रतीकविधान**

प्रस्तुत महाकाव्यमा आलङ्कारिक सौन्दर्य साधना गरिएको कृति हो । यो कृति विम्ब, प्रतीक र अलङ्कारले सम्पन्न देखिन्छ। पौराणिक विम्बलाई कथाबीज बनाइएको यस महाकाव्यमा विभिन्न प्राक्सन्दर्भलाई मौलिकताको कसी लगाएर प्रतीकविधान गरिएको छ । वशिष्ठाश्रमको वर्णन गरेर नेपालीको पहिचान पाहुनाको सत्कार तथा कृषिकर्मको वर्णन गरेर नेपालको कृषिप्रधानतालाई विम्बित गरिएको छ। अश्वपतिले साम्राज्य विस्तारको विन्ती गर्दा वशिष्ठले "म नर मुण्ड गिड्न दिन्न, सक्छौ भने युद्धको मुहान नै बन्द गरी विश्वव्यवस्था कायम गर" भनेको कुरा संयुक्त राष्ट्र सङ्घको प्रतीकका रूपमा आएको देखिन्छ। त्यसै गरी मालवीले सपनामा कालो निलो मूर्तिसमान मानिसलाई पछार्नु, नचपाइ चन्द्रतारा निल्नु, मात्सर्यको मूर्तिसमान राँगो उनले हकारे पछि भाग्नु, वनवृक्षमाथि बालसखासँग पन्छीपुतली बनाई खेल्नु आदि प्रसङ्ग मृत्युञ्जयी सन्तान र छोरी जन्मिन्छे भन्ने प्रतीकका रूपमा आएका छन् । शब्दालङ्कार र अर्थालङ्कार प्रयोगका दृष्टिले पनि यो महाकाव्य सफल छ । कालीदासीय उपमा प्रयोग प्रविधिबाट अत्यन्तै प्रभावित *मृत्युञ्जय* महाकाव्यलाई उपमा अलङ्कारको भण्डार नै हो भन्न सकिन्छ (भट्टराई, २०६०, पृ ५६)। यस महाकाव्यमा अनुप्रास, यमक, श्लेष, वक्रोक्ति जस्ता शब्दालङ्कार र उपमा, रूपक, उत्प्रेक्षा, अर्थान्तरन्यास, स्वभावोक्ति, विशेषोक्ति, अतिशयोक्ति, दीपक, अप्रस्तुतप्रशंसा आदि अलङ्कारहरूको उचित र आयोजित उत्कृष्ट प्रयोग गरिएको छ।

**भाषाशैली**

प्रस्तुत महाकाव्यका तत्सम, तद्भव र आगन्तुक गरी तीनै स्रोतका शब्दहरूको प्रयोग गरिएको छ तापनि तत्सम शब्दप्रयोगको त साम्राज्य नै छ भने हुन्छ । संस्कृतका अप्रचलित शब्दहरूको समेत

प्रयोग भएको पाइन्छ। सरलभन्दा सरलदेखि कठिन भन्दा कठिन शब्दहरूको प्रयोगले भाषा जटिलझैँ प्रतीत हुन्छ। सहज अर्थ लाग्न नसक्ने दुर्बोध शब्दहरूको पनि प्रयोग गरिएको छ। कतिपय स्थानमा स्वनिर्मित शब्दहरूको समेत प्रयोग गरिएको देखिन्छ। यस काव्यमा ग्राम्यशब्दहरूको बढी प्रयोग भएको दोष पनि देखिन्छ। सग्बगायो, रुन्झुनायो, झझल्किनु, भुन्भुनायो, हुन्हुनायो, कुर्कुराई, हर्हराइ आदि अनुकरणात्मक शब्दप्रयोग प्रचुर मात्रामा पाइन्छ। यी शब्दहरू रसानुभूतिका लागि सहयोगी बनेका देखिन्छन्। व्यौला व्यौली, प्वाक्क, ठास्स ठुस्स, ग्याम्म गुम्मजस्ता ग्राम्य शब्दको धेरै ठाउँमा प्रयोग छ तर पनि त्यहाँ रसानुभूति भएको हुँदा काव्यत्व रहेकै मान्नुपर्ने हुन्छ। महाकाव्यको बृहत् भावचेतनाका प्रस्तुतिका लागि यस्ता शब्दहरूको प्रयोग गरिएको भए त्यसलाई स्वभाविक मान्नुपर्ने हुन्छ। काव्य रचना शैली पनि कहीँ सलल बगेको पाइन्छ भने कहीँ रसास्वदनमा साधक नभई बाधक हुने अवस्थामा देखिन्छ। त्यसो भए पनि समाख्यानात्मक, वर्णनात्मक, सम्वादात्मक तथा नाटकीय शिल्प शैलीका कारण महाकाव्य हृदय सम्वेद्य बन्न पुगेको छ।

**निष्कर्ष**

पूर्वीय महाकाव्यका मानक तत्त्वहरूलाई प्रस्तुत महाकाव्य हुबहु पालना गरिएको छैन। यो महाकाव्य कतिपय मौलिक मान्यतालाई आत्मासात गर्दै लेखिएको छ। नेपाली साहित्यको अत्यन्त छोटो महाकाव्य परम्परा रहेको स्थितिमा आख्यान र कवित्वका दृष्टिले भने प्रस्तुत महाकाव्य उत्कृष्ट देखिन्छ। यो महाकाव्य कविको लामो चिन्तन, जीवनदृष्टि र अनुभूतिको परिणाम देखिन्छ। वेदव्यासरचित महाभारतको वनपर्वमा आधारित कथावस्तु भएपनि यस महाकाव्यमा केही परिमार्जन र परिवर्तन गरी मौलिकता दिने प्रयास गरिएको छ। काव्यका नायक नायिकाका अमर प्रेमबाट वर्तमानमा मृत्युबोधी भ्रम पालेर बाँचेको मान्छेलाई मृत्युञ्जयी जीवन जीउने सन्देश दिइएको छ। मृत्युबोधभन्दा जीवनबोधलाई प्राथमिकता दिनुपर्छ। संसारमा जीवनबोध नै ठूलो हो भन्ने भाव देखाउन प्रस्तुत महाकाव्य सफल देखिन्छ। महाकाव्यका केही मानक तत्त्वबाट यो महाकाव्य चिप्लिए पनि सृष्टि, स्थिति, दृश्य, ज्ञान, प्रकृति, राज्यव्यवस्था, तापसी युगको आश्रमी वातावरण आदि विविध विषयको वर्णन गरी महाकाव्यको व्यापकता र विराटताप्रति सचेतता अपनाइएको छ। आख्यान र कवित्वको बिच सन्तुलनका दृष्टिले यस महाकाव्यले नेपाली महाकाव्य परम्परालाई नौलो मोड दिने क्षमता राखेको मान्न सकिन्छ।

**सन्दर्भ सूची**

उपाध्याय, केशवप्रसाद (२०४५), *पूर्वीय साहित्य सिद्धान्त* (दोस्रो संस्क.), साझा प्रकाशन।

उपाध्याय, केशवप्रसाद (२०४९), *सहित्यप्रकाश* (पाँचौं संस्क.), साझा प्रकाशन।

क्रेसबेल, जे.डब्लु. (सन् २००९), *रिसर्च डिजाइन : क्वालिटेटिभ, क्वान्टिटेटिभ र मिक्स मेथड्स एप्रोएच,* सेज पब्लिकेसन।

डेन्जिन, एन.के.एन्ड लिङ्कन वाइ.यस. (सन् २०११), *द सेजह्याण्ड बुक अफ क्वालिटेटिभ रिसर्च,* सेज पब्लिकेसन।

थापा, हिमाशुं, (२०५०), *साहित्य परिचय* (चौथो संस्क), साझा प्रकाशन ।
नेपाल प्रज्ञा प्रतिष्ठान (२०७९), *प्रज्ञा नेपाली बृहत् शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान।
पोखरेल, भानुभक्त (२०४७), मृत्युञ्जय महाकाव्य, पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।
भट्टराई, रामचन्द्र (२०६०), *मृत्युञ्जय महाकाव्यको सङ्क्षिप्त अध्ययन* (अप्र.) स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।
भट्टराई, गोविन्दप्रसाद (२०७७), पूर्वीय काव्यसिद्धान्त (दोस्रो संस्क), नेपाल प्रज्ञा प्रतिष्ठान ।
विश्वनाथ (सन् २०१४), *साहित्यदर्पण,* सत्यव्रतसिंह (व्या.), चौखम्बा विद्या भवन ।
शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* साझा प्रकाशन ।
श्रेष्ठ, उषा (२०६०), *भानुभक्त पोखरेलको जीवनी, व्यक्तित्व कृतित्वको अध्ययन* (अप्र.) स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।
श्रेष्ठ, दयाराम (२०७७), साहित्यको अनुसन्धान व्यवस्थापन, शिखा बुक्स ।
सुवेदी, राजेन्द्र (२०४८), मृत्युञ्जय महाकाव्यभित्र काव्यमूल्य र वैचारिकताको सर्वेक्षण, *मिमिरे,* अङ्क ९०, भदौ असोज, पृ. ८, नेपाल राष्ट्र वैंक ।

❖